# प्रदेश सभा
# सार्वजनिक लेखा समिति
# बागमती प्रदेश
# हेटौंडा, मकवानपुर, नेपाल

## बैठक - ४७

मितिः २०७७/०९/०२ गते बिहान ८:०० बजे

निर्णयहरुः

१. प्रदेश सरकारको आ.व. २०७७/७८ भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गत रसुवा जिल्लाको गोसाईकुण्ड गाँउपालिका वडा नं. १ स्थित् थमन पर्यटन शहर विस्तार रसुवा (बजेट क्रियाकलाप नम्बर ११.४.२२.५००/विनियोजित बजेट रु ४० लाख) नामक शिर्षकमा विनियोजित बजेटको उद्देश्य विपरीत गाँउ बस्ती नै नभएको ठाउँमा गोरेटो बाटो निर्माण गर्ने गरी कार्यान्वयनको लागि सम्झौता भएर काम गर्न थालेको हुनाले उक्त योजनाले परिकल्पना गरेको पर्यटन शहरको पूर्वाधारहरु निर्माण गर्नु पर्ने बजेटलाई उद्देश्य विपरीत कार्यान्वयन गरेकोले बजेटको चरम दुरुपयोग भएको भनी यस समितिका माननीय श्री प्रभात तामाङ्गले गर्नु भएको उजुरीका सम्बन्धमा सम्बन्धित भौतिक पूर्वाधार विकास मन्त्रालयको तर्फबाट भवन तथा शहरी विकास कार्यालय नुवाकोटका कार्यालय प्रमुख ईन्जिनियर सञ्जय पाण्डे सहितलाई बोलाई छलफल हुँदा उक्त आयोजनाको डी.पि.आर. तयार नगरिएको, उपभोक्ता समिति गठन गरी आयोजनाको सम्झौता समेत भईसकेको तर कार्यदिश प्राप्त नभई उपभोक्ता समितिले कार्य प्रारम्भ गरेको, के-कस्ता कार्यहरु गर्ने भन्ने विस्तृत परियोजना प्रतिवेदन मार्फत् एकिन भईनसकेको अवस्थामा गोरेटो बाटो निर्माण कार्य अगाडी बढाईएको र भवन तथा शहरी विकास कार्यालय नुवाकोटले उक्त आयोजनाको कुनै पनि भूक्तानी हालसम्म नदिएको एवम् आयोजना तत्काल अगाडी नबढाउन उपभोक्ता समितिलाई मौखिक निर्देशन समेत दिएको भन्ने जानकारी हुन आएकोले सो सम्बन्धमा आवश्यक कारवाही गरी उद्देश्य विपरीतको कार्य तत्काल रोकि जुन स्थान र जुन उद्देश्यको लागि बजेट विनियोजन भएको हो योजना प्रस्तावक समेतको परामर्शमा सोही बमोजिम कार्य प्रारम्भ गरी यथासक्य चाँडो यस समितिलाई जानकारी गर्न गराउन भवन तथा शहरी विकास कार्यालय नुवाकोटलाई निर्देशन दिने।

२. समितिको आगामी बैठकको सम्बन्धमा कार्यसूची तयार गरी माननीय सभापतिले आवश्यकता अनुसार बैठकको आव्हान गर्ने।